जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३   अंक २९   २०८० साल भदौ ५ गते मंगलबार (22 Aug. 2023 Tuesday)   मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भन्सार कार्यालय सहयोगीको भरमा,.. ३ पृष्ठमा : पहिलो वर्षमै मधेस विश्वविद्यालय ... ३ पृष्ठमासाउदी सीमा सुरक्षा ...

# अटोमेटिक र नलकटुवा पेस्तोलसहित दुई युवक पक्राउ

**दैनिक समाचारदाता राजविराज, ४ भदौ ।**

सर्लाहीको पर्सा गाउँपालिका वडा नं. ६ पर्सा बोर्डरबाट प्रहरीले अटोमेटिक र नलकटुवा पेस्तोलसहित दुई युवकलाई पक्राउ गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरिक्षक महेन्द्र कुमार श्रेष्ठका अनुसार पक्राउ पर्नेहरुमा सर्लाही हरीपुर्वा नगरपालिका ६ बस्ने २३ वर्षिय जिवन कुमार यादव र सोही स्थान निवासी २० वर्षीय प्रकाशचन्द्र यादव छन् ।

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट संग्रामपुर सर्लाहीको टोलीले भारत सहोर्वाबाट नेपालको पर्सा गाउँतर्फ आउँदै गरेको बीआर१९जीए४१४१ नम्बरको मोटरसाईकललाई चेकजाँच गर्ने क्रममा दुबै हतियार बरामद गरिएको जनाइएको छ ।

प्रहरीका अनुसार मोटरसाईकल चालक जिवन कुमार यादवको साथबाट अटोमेटिक पेस्तोल १ नाल, म्याग्जिन १ थान, गोली १५ थान, नलकटुवा पेस्तोलमा लाग्ने गोली ५ थान, मोबाईल १ थान, भारतीय एटिएमकार्ड एक थान, भारतीय रुँपैया ७ हजार ४ सय र नेपाली रुपैया १ सय ६० बरामद भएको हो ।

त्यस्तै सोही मोटरसाइकल पछाडी सवार प्रकाशचन्द्र यादवको साथबाट नलकटुवा पेस्तोल एक थान फेला परेको तथा दुबै जनालाई नियन्त्रणमा लिई सर्लाही जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान कार्य भईरहेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

# कोशी प्रदेशका मुख्यमन्त्री थापाले पाए विश्वासको मत, एमालेद्वारा धाँधली भएको आरोप

**दैनिक समाचारदाता बिराटनगर, ४ भदौ ।**

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले सोमबार विश्वासको मत पाएका छन् । यद्दपी विश्वासको मत पाएपनि उनी विवादमा तानिएका छन् ।

विपक्षी दल एमालेले विश्वासको मत लिने क्रममा सत्ता गठबन्धनले धाँधली गरेको आरोप लगाउँदै त्यसलाई अस्वीकार गर्ने बताएको छ ।

थापाको पक्षमा ४७ मत प्राप्त भयो भने विपक्षमा ३० मत पर्यो । अन्य सांसद भने प्रदेशसभामा विश्वासको मत फेल गराउने लक्ष्यका साथ अनुपस्थित भएका थिए ।

उपसभामुखको अनुपस्थितिमा सोमबारको बैठकको सभाध्यक्ष गरेका इर्राइल मन्सुरीले भोटिङका क्रममा सांसद गीता तिम्सिनालाई बोलाएपछि संसदमा हंगामा सुरु भएको थियो ।

उनले गीतालाई सभाध्यक्ष गर्न दिएपछि सोही क्रममा थापाको पक्षमा भोट त हाले तर विपक्षी दलका सांसदले चर्को नाराबाजी गरे । नाराबाजीका बीच फेरि सभाध्यक्ष गरेर मन्सुरीले थापाले प्रदेशसभाको विश्वासको मत पाएको घोषणा गरे ।

गत साउन १६ गते मुख्यमन्त्रीमा नियुक्त भएका थापाले सोमबार विश्वासको मत लिएका हुन् ।

सभामुखले राजीनामा दिएसँगै उपसभामुखले प्रदेशसभा चलाउनु पर्ने भएपनि उपसभामुख सिर्जना दनुवार बिरामी भएको भन्दै काठमाडौं लागेसँगै प्रदेशसभामा सुरुमा अन्योलता र पछि विवाद भएको हो ।

ज्येष्ठ सदस्यको हैसियतमा कांग्रेस प्रदेश सभा सदस्य मन्सुरीले सभाको अध्यक्षता गर्ने बाध्यता आएको थियो । प्रदेशसभामा विपक्षमा एमालेको ४० र राप्रपाको ६ जना सांसद रहेका छन् । यस्तै सत्ता गठबन्धनको मन्सुरीसहित ४७ सांसद थियो । जुन प्रदेशसभामा कायम कुल सदस्यको बहुमत हो ।

# विज्ञापन कारोबारमा हुने बेथिति रोक्न विज्ञापन बोर्ड अग्रसर

काठमाडौं, ४ भदौ (रासस) ।

सञ्चारमाध्यममा विज्ञापन कारोबारका क्रममा हुँदै देखिएका बेथिति रोक्न नयाँ नियमावली आएसँगै सोको कार्यान्वयनका लागि नेपाल सरकारको विज्ञापन बोर्ड अग्रसर भएको छ । विज्ञापन ( नियमन गर्ने) नियमावली, २०७७ को पहिलो संशोधन ( २०८०) मन्त्रिपरिषद्को गत साउन १६ गतेको बैठकबाट स्वीकृत भएपछि सञ्चारमाध्यमको स्तर निर्धारण, विज्ञापनको दररेट सार्वजनिक र विज्ञापन एजेन्सीको कारोबारलाई पारदर्शी बनाउन लागिएको हो ।

नियमावलीले व्यवस्था गरेअनुसार सञ्चारमाध्यमले आफ्नो विज्ञापनको दररेट बोर्डमा हरेक वर्ष बुझाएपछि बोर्डले वेबसाइटमा उक्त विवरण सार्वजनिक गर्ने तथा विज्ञापनका कारोबार बोर्डको सूचना प्रणालीमा प्रविष्ट हुने गरी संयन्त्र विकास गरिएको छ । हाल सञ्चारमाध्यमले सरकारी निकायलाई २५ प्रशितसम्म छुट दिने, ६५ प्रतिशतसम्म विज्ञापन एजेन्सीको कमिशन राखेर सम्बन्धित सञ्चारमाध्यमले १० प्रतिशत मात्रै भुक्तानी पाउने खालका प्रवृत्ति देखिएका छन् ।

हाल विज्ञापन क्षेत्रमा करिब रु पाँच अर्बको कारोबार हुँदै आएको छ । बोर्डको नियमनपछि विज्ञापनको कारोबार हुँदा विज्ञापनदाता र सम्बन्धित सञ्चारमाध्यमको वास्तविक कारोबार यकिन नहुँदा एजेन्सी र सरकारी कर्मचारी वा मध्यस्थकर्ताबीच कमिशनको भागबन्डा हुने प्रवृत्तिमा नियन्त्रण आउने देखिएको छ । बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले अब त्यस प्रकारका अपारदर्शी कारोबार रोक्ने गरी विज्ञापनदातालाई विज्ञापन एजेन्सीले बिल दिँदा सञ्चारमाध्यमले एजेन्सीलाई दिने बिलको प्रति पनि समावेश गरे बुझाएपछि मात्रै भुक्तानी हुने प्रबन्ध गरिने बताउनुभयो । सो क्रममा एजेन्सीले १५ प्रतिशतसम्म सेवा शुल्क लिन पाउनेछ । "नियमावलीमै स्पष्ट भएर आएपछि विज्ञापनको कारोबारमा हुने गरेको चुहावट रोक्न यसले मद्दत गर्नेछ । विज्ञापनको कारोबारलाई करको दायराका साथै व्यवस्थित बनाउन बोर्डले सहजीकरण, नियमन र अनुगमनलाई प्रभावकारी बनाउने छ", अध्यक्ष हुमागाईंले राससँग भन्नुभयो, "बोर्डले विज्ञापन सामग्रीको परीक्षण र सञ्चारमाध्यमको स्तरीकरण पनि गर्नेछ । डिजिटल माध्यमको विज्ञापन र होर्डिङ बोर्डको पनि नियमन हुनेछ । हरेक स्थानीय तहसम्मबाट यसको प्रभावकारी कार्यान्वयन गराइनेछ । नियम पालना नगर्ने सञ्चारमाध्यम र एजेन्सीलाई

***बाँकी अन्तिम पृष्ठमा***

# विभिन्न मुद्दाका फरार तीन प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता राजविराज, ४ भदौ ।**

विभिन्न मुद्दामा कैद सजाय पाएर फरार सूचीमा रहेका तीन जना प्रतिवादीलाई प्रहरीले आइतबार पक्राउ गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार पक्राउ पर्नेमा नागरिकता सम्बन्धी मुद्दाका फरार प्रतिवादी सप्तरीको बोदेबरसाइन नगरपालिका ७ निवासी ३६ वर्षका घुरन दास छन् । अदालतले दासलाई नागरिकता सम्बन्धी मुद्दामा ५० हजार जरिवाना तोकेको थियो ।

त्यस्तै नकवजनि चोरी मुद्दामा जिल्लाकै तिरहुत गाउँपालिका २ मैनाकडेरी बस्ने अर्का फरार प्रतिवादी २३ वर्षिय जयप्रकाश खंग मण्डल पक्राउ परेका छन् । उनलाई अदालतले १ महिना १५ दिन कैद र २ हजार २ सय ५४ रुँपैया जरिवान तोकेको थियो ।

यसैगरि चोरी अन्य मुद्दामा जिल्लाकै हनुमाननगर कंकालिनि नगरपालिका १ भारदह बस्ने मनोज राम भन्ने मनोज कुमार राम पक्राउ परेका छन् । उनलाई सो मुद्दामा अदालतले ५ हजार जरिवाना र एक महिना कैद ताकेको थियो ।

# समाजवादी मोर्चाले सातै प्रदेशमा सभा गर्ने

काठमाडौं, ४ भदौ (रासस) ।

समाजवादी मोर्चाको यही भदौ ८ गतेदेखि सातै सभा गर्ने निर्णय गरेको छ ।

सोमबार बिहान नेकपा ( एकीकृत समाजवादी) पार्टीको केन्द्रीय कार्यालय आलोकनगरमा बसेको उक्त मोर्चाको बैठकले सातै प्रदेशमा सभा गर्ने निर्णय गरेको नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रमेश हमालले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकले यही भदौ ८ गते मधेस प्रदेशको वीरगञ्जमा, १२ गते लुम्बिनी प्रदेशको बुटवलमा, १३ गते सुदूपश्चिम प्रदेशको धनगढीमा, १४ गते कर्णाली प्रदेशको सुर्खेतमा, १५ गते गण्डकी प्रदेशको पोखरामा, २३ गते बागमती प्रदेशको हेटौँडामा तथा २५ गते कोशी प्रदेशको विराटनगरमा सभा गर्ने निर्णय गरेको छ ।

सोही घोषणासभाबाट प्रदेश मोर्चाको गठन गरिने निर्णय भएको उपाध्यक्ष हमालले बताउनुभयो । यसैगरी बैठकमा सरकारको कामको समीक्षा, समसामयिक राजनीतिक घटनाक्रमलगायतका सरकारले थालेको भ्रष्टाचारविरुद्धको अभियानलाई समर्थन गर्नेलगायतका विषयमा छलफल भएको जनाइएको छ ।

मोर्चामा नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी ( जसपा), नेकपा (एकीकृत समाजवादी) पार्टी र विप्लव नेतृत्वको नेकपा आवद्ध छन् ।

## आँखा पाक्ने रोगका लक्षण

➢ आँखा रातो हुने र चिलाउने
➢ आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
➢ आँखाको ढकनी रातो हुने, सुन्निने
➢ आँखा बिझाउने/दुख्ने
➢ घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन् । यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सूर्तिजन्य र मादक पदार्थले भयावह बनाउँदै समाज

सूर्तिजन्य र पादक पदार्थले वर्तमान समाजलाई भायावह र त्रसित बनाउँदै छ । यद्दपी यसको सेवन गर्नेको संख्या बढ्दै गइरहेको छ । यसको सेवनबाट भयावह रोग लाग्ने र मृत्यु हुन सक्ने सबैलाई थाहा हुँदाहुँदै पनि यसप्रति आकर्षित हुनेको संख्या उल्लेख्य छ । यसको न्युनिकरणका लागि सरकारले विभिन्न चेतनामुलक कार्यक्रमबाट जानकारी दिईरहँदा पनि यसको सेवनकर्ताको संख्यामा कमी आउन सकेको छैन । सरकारले यस्ता पदार्थको बिक्रि गर्न कुनै ठोस नीति नल्याएर यसको प्रयोग गरेमा क्यान्सर लगायतका रोग लाग्न सक्ने संकेत स्वरुपको तस्बिर राखेर बिक्रि गर्न भनेको छ । यसरी प्राणघातक पदार्थको बिक्रिबाट सरकारलाई वर्षेणी करोडौं राजश्व आउने गरेको छ ।

सूर्तिजन्य पदार्थको सेवन अचेल स्कूली छात्रहरुले समेत गर्न थालेका छन् । अहिले नयाँ पुस्तामा यसको प्रयोग निकै बढीरहेको छ । यता पछिल्लो समयमा नसर्ने रोग अन्तर्गत सूर्तिजन्य पदार्थ सेवन आफैं गम्भीर रोगका रुपमा विकसित हुँदै गएको छ । यसको सेवनले शरीरका प्रत्येक कोषमा असर पुऱ्याउँछ । क्यान्सर, रक्तचाप, क्षयरोग, निमोनिया, मस्तिष्कघात, हृदयघात जस्ता रोगका प्रमुख कारक तत्वका रुपमा सूर्तिजन्य पदार्थ विकसित भइरहेको छ ।

सूर्तिजन्य पदार्थमा उल्लेख्य मात्रामा कर वृद्धि गर्ने हो भने यसको सेवनमा कमी आउने एक अध्ययनले देखाएको छ । अहिलेसम्म नेपालको यस्तो करमा २८ प्रतिशत भन्दा माथि पुऱ्याउन सकेको छैन । सूर्तिजन्य पदार्थको उत्पादनमा नै प्रतिबन्ध लगाउन सकिएमा जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने थियो । तर यसतर्फ सरकार गम्भिर बन्न नसक्दा यसको बिक्रि बढ्नुका साथै स्वास्थ्यमा गम्भिर असर पुगिरहेको छ । तसर्थ यस्ता विषयमा सरोकारवाला निकाय गम्भिर बन्नु आतिआवश्यक रहेको छ ।

# भन्सार कार्यालय सहयोगीको भरमा, राजस्व सङ्कलनमा बर्सेनि ह्रास

**लोकेन्द्रप्रसाद यादव/रासस**
गोलबजार (सप्तरी), ४ भदौ ।

नेपाल-भारत अन्तर्राष्ट्रिय सीमानाकामा राजस्व उठाउने बलान बिहुल-४ बेल्हीस्थित छोटी भन्सार कार्यालय दुई कार्यालय सहयोगीका भरमा सञ्चालन हुँदै आइरहेको छ ।

सो कार्यालयमा कार्यालय सहयोगी जोगिन्द्र यादव र खडकबहादुर कार्की कार्यरत हुनुहुन्छ भने जिल्लाकै डाक्नेश्वरी नगरपालिकामा रहेको पातो छोटी भन्सार कार्यालय पनि कार्यालय सहयोगीका भरमा सञ्चालन भइरहेको छ । उक्त दुवै भन्सार कार्यालय राजविराज भन्सार कार्यालय मातहतमा छन् ।

बेल्ही छोटी भन्सार कार्यालयले आर्थिक वर्ष २०७९/०८० मा रु १६ लाख २६ हजार एकसय ८३ राजस्व सङ्कलन गरेको छ । उक्त कार्यालयमा नायब सुब्बाको दरबन्दी भए पनि दरबन्दीका कर्मचारी नबस्ने भएपछि राजस्व सङ्कलनमा पनि कमी आएको छ ।

**कर्मचारी अभावमा राजस्व सङ्कलनमा ह्रास**

वार्षिक करोडौं राजस्व सङ्कलन हुने सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठीस्थित राजविराज भन्सार कार्यालयमा पनि लामो समयदेखि कर्मचारीको अभाव हुँदै आएको छ । कर्मचारी अभावका कारण उक्त कार्यालयले आफ्नो वार्षिक लक्ष्य पूरा गर्न सकेको छैन । राजस्व सङ्कलनमा बर्सेनि ह्रास हुँदै आएको छ । तिलाठी सप्तरीको एकमात्र ठूलो भन्सार नाका हो । विसं २०१३ मा उक्त नाकामा भन्सार कार्यालय स्थापना भएको थियो । यसका साथै जिल्लाभर अन्य सात छोटी भन्सार कार्यालय भए पनि कर्मचारी अभावका कारण सातमध्ये पाँच छोटी भन्सार कार्यालय वर्षौंदेखि ठप्प छन् ।

राजविराज भन्सार कार्यालयका सूचना अधिकारी अजयप्रकाश भगतले हामीसँग अहिले दुई वटा छोटी भन्सार कार्यालय रहेको बताउनुभयो । ती छोटी भन्सारमा नायव सुब्बा पठाउनुपर्नेमा कर्मचारी अभावका कारण सहयोगीका भरमा सञ्चालन हुँदै आएको जानकारी गराउँदै उहाँले दुई महिना भयो कार्यालय प्रमुख र थप दुई जना नायबसुब्बा आउनुभएको योभन्दा पहिला जेनतेन म निमित्त कार्यालय प्रमुख भएर थप एक सुब्बा, कम्प्युटर अपरेटर, कार्यालय सहयोगीका भरमा सञ्चलान हुँदै आएको उल्लेख गर्नुभयो ।

सो कार्यालमा भन्सार अधिकृत एक, नासु आठ, कम्प्युटर अपरेटर एक, हलुका सवारी चालक एक र कार्यालय सहयोगी १० जनाको दरबन्दी रहेको छ । राजविराज भन्सार कार्यालयलाई भन्सार विभागले आव २०७९/०८० मा रु पाँच करोड ९९ लाख ३० हजार उठाउने लक्ष्य तोके पनि ८४ प्रतिशत (रु पाँच करोड नौ लाख) मात्र राजस्व सङ्कलन भएको थियो ।

उक्त कार्यालयले भन्सार छलि र चोरीपैठारीका सामान पक्राउ गरी ५० वटा मुद्दा चलाएको सूचना अधिकारी भगतले बताउनुभयो । उहाँले चालु आवमा भने रु छ करोड ३० लाख राजस्व उठाउने लक्ष्य रहेको उल्लेख गर्नुभयो ।

**घट्दै राजस्व**

आव २०७८/७९ मा उक्त कार्यालयले राजस्व सङ्कलनतर्फ आफ्नो निर्धारित लक्ष्य पूरा गर्न सकेन । रु छ करोड ८४ लाख २० हजार उठाउनुपर्ने लक्ष्य निर्धारण गरिएकामा कार्यालयले रु चार करोड १७ लाख ६४ हजार राजस्व सङ्कलन गरेको थियो । उक्त रकम लक्ष्यभन्दा ३९ प्रतिशतले कम हो । जिल्लाकै पातो छोटी भन्सार र बेल्ही छोटी भन्सार कार्यालय भाडाको घरमा सञ्चालनमा रहेको छ ।

**माओवादी जनयुद्धका समयमा विस्थापित भन्सार कार्यालय पुनःस्थापना भएन**

माओवादी जनयुद्धका समयमा विस्थापित भएका रामनगर कोदरकट्टी, हनुमानगर, बनिनयाँ र सुभरनपट्टीका छोटी भन्सार कार्यालय अहिलेसम्म पुनःस्थापना हुन सकेका छैनन् । छोटी भन्सार पुनःस्थापित नभएपछि खुला सिमानाको फाइदा उठाउँदै तस्करी पनि बढेको छ । यस्तै जिल्लाकै भारतीय सिमानासँग नजिकै रहेका व्यापारिक केन्द्रका रुपमा रहेका बोदे बर्साईन बजारस्थित सुभरनपट्टी छोटी भन्सार कार्यालय पनि सञ्चालन नहुँदा राज्यले भन्सारबाट उठ्ने लाखौं राजस्व गुमाइरहेको स्थानीयवासी दिपक यादवले बताउनुभयो ।

सो नाकाबाट सार्वजनिक भाडामा प्रयोग हुने टेम्पु, बस र निजी मोटरसाइकल, साइकल प्रयोग गरी भारतबाट ल्याइएका कपडा, चिनी, दाल, रजनिगन्धा, सुर्ती, बिडी, मेदा, बेसन र (प्रतिबन्धित मुगरी माछा) लगायत समान स्तकरले बोदे बर्साईन बजारसम्म पुऱ्याउने गरेका छन् । सीमानाकामा दुईतर्फी रहेका सुरक्षाकर्मी सशस्त्र प्रहरी, नेपाल प्रहरीको आँखा छलेर गाडीका गाडी समान भित्रिरहँदा पनि छानबिन हुन सकेको पाइँदैन । सो स्थानमा सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट सुभरनपट्टी, सोनापुर र सशस्त्र प्रहरी बल सीमासुरक्षा बेसक्याम्प रहनाका साथै इलाका प्रहरी कार्यालय प्रहरीचौकी पनि रहेको छ । उक्त नाकामा नेपाल-भारतको सहयोगमा पक्की सडकसमेत बनिसकेको छ ।

**बेल्ही भन्सारबाट भन्सार छलिका सामान**

छोटी भन्सार कार्यालयमा जनशक्ति अभावले गर्दा तस्करी नियन्त्रणमा समस्या भइरहेको त्यहाँ कार्यरत कार्यालय सहयोगीहरूले बताए । "हामी श्रेणीविहीन राष्ट्रसेवक हामी कसैलाई रोक्न सक्दैनौं । आफैं भन्सार शुल्क बुझाउन आउनेलाई हामी रसिद काटी दिन्छौं । दुई जनामात्र छौं, थुप्रै चोरबाटा छन् । हामीले कार्यालय चलाउने कि ? बाहिर हेर्ने ?", उनीहरूको भनाइ थियो ।

विसं २०७९ भदौ ७ गते सप्तरीको बलान बिहुल गाउँपालिका-४ बेल्हीमा भारतबाट तस्करी गरी ल्याएको कपडा प्रहीले नियन्त्रणमा लिन खोज्दा सशस्त्र प्रहरी र तस्कर समूहबीच झडप भएको थियो ।

सो क्रममा प्रहरीले तीन राउण्ड हवाइ फायर गरेको थियो भने तस्करले प्रहार गरेको ढुङ्गा लागेर तीन प्रहरी घाइते भएका थिए । भारतबाट सामान तस्करी गरेर स्थानीय घुरन साहको घरमा राखिएको सूचना पाएपछि तस्करी गरी ल्याइएको सामान प्रहीले नियन्त्रणमा लिन खोज्दा प्रहरी र तस्कर समूहबीच झडप भएको थियो ।

त्यसैगरी विसं २०८० जेठ ३ गते बलान बिहुल-४ बेल्हीस्थित सन्तोष यादवको घरमा सटरभित्र भन्सार छलि भारततर्फ पठाउन तयारी अवस्थामा स्याउ राखिएको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले तीन सय ८५ कार्टुन स्याउ बरामद गरेको थियो ।

सो स्याउ रु १५ लाख ४० हजार बराबरको थियो । बरामद गरिएका स्याउ आवश्यक कारबाहीका लागि प्रहरीले राजविराज भन्सार कार्यालय पठाएको थियो । विसं २०८० जेठ ९ गते अवैधरुपमा भित्रिएका प्रतिबन्धित करिब दुई क्विन्टल मुगरी माछा प्रहरीले नियन्त्रणमा लिएर बेल्ही प्रहरीचौकी परिसरमा खाल्डो खनी पुरेको थियो । सो नाकामा नेपालबाट बालुवा तथा गिट्टी तस्करी गरी भारततर्फ निकासी हुने गरेको स्थानीयवासीले बताएका छन् ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569


# बरामद सुनको शुद्धता ९९ दशमलव ९ प्रतिशत

काठमाडौँ ४ भदौ (रासस) ।

तस्करहरुले हङ्कङबाट मोटरसाइकलको 'ब्रेक शु'भित्र लुकाएर ल्याएको सुनको शुद्धता ९९ दशमलव ९ प्रतिशत भएको परीक्षणबाट पाइएको लागेको छ । हाल नेपाल राष्ट्र बैंकको टक्सार महाशाखामा राखिएको सुन परीक्षण गर्दा पूर्ण शुद्ध रहेको पाइएको राष्ट्र बैंकका सहायक प्रवक्ता डा डिल्लीराम पोखरेलले जानकारी दिनुभयो ।

उहाँले उक्त सुन ९९ दशमलव ९ प्रतिशत नै शुद्ध रहेको भनेर विभागलाई जानकारी गराइएको रासससँग बताउनुभयो । "९९ दशमलव ९ प्रतिशत हुनु भनेको सुन पूर्ण शुद्ध हो", उहाँले भन्नुभयो ।

टक्सार विभागले सुनको परीक्षण प्रतिवेदन राष्ट्र बैंक, राजस्व अनुसन्धान विभागलगायत सरोकारवाला निकायमा पठाइसकेको छ ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुङ्गानाले सुन पूर्ण शुद्ध रहेको जानकारी आएको बताउनुभयो । प्राप्त जानकारीमा उक्त सुन २४ क्यारेटकै रहेको जनाइएको छ । बरामद गरिएको सुन गत साउन ३० गते गालेर बिस्कुट बनाइ जोख्दा ६० किलो सात सय १६ ग्राम भएको थियो । त्यसको अघिल्लो दिन साउन २९ गते ब्रेक शुबाट सुन छुटचाउने काम भएको थियो । यसरी छुट्याइएको सुन ६० किलो सात सय ८९ ग्राम तौल थियो । गालेपछि सुनको मात्रा ७३ ग्राम घटेको थियो ।

राजस्व अनुसन्धान विभागले साउन ३ गते सिनामङ्गलस्थित भन्सार कार्यालय अगाडिबाट सुनसहितको एक सय ५५ किलो 'ब्रेक शु' बरामद गरेको थियो । अहिले सुन तस्करीको विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ ।

# पहिलो वर्षमै मधेस विश्वविद्यालयमा विद्यार्थीको चाप बढ्दो

वीरगञ्ज, ४ भदौ (रासस)।

मधेस विश्वविद्यालयले पहिलो पटक पठनपाठन सुरु गर्न लागेको छ। विश्वविद्यालयमा पहिलो पटकमै विद्यार्थीको चाप बढ्दै गएको छ। कानुन र जनप्रशासन सङ्कायमा भर्नाका लागि आवेदन दिन विश्वविद्यालयले सूचना जारी गरेको छ।

पहिलो वर्षमै पठनपाठन सुरु गर्न लागेको विश्वविद्यालयमा कानुन सङ्कायतर्फ बीए एलएलबी र जनप्रशासन सङ्कायमा यही भदौ १ देखि १५ गतेसम्मका लागि भर्ना आवेदन खुला गरेको हो। आवेदन खुला भएको तीन दिनमै तीन सयभन्दा बढी विद्यार्थीले आवेदन दिएका छन्। खासगरी बीए एलएलबी तर्फ विद्यार्थीको आकर्षण बढी छ।

"दैनिक आवेदनका लागि आउने विद्यार्थीको सङ्ख्या बढ्दै गएको छ", विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले भन्नुभयो, "हामीले भर्ना आवेदन खुला गरेको तीन दिनकै अवधिमा कानुन सङ्कायतर्फ तीन सय र जनप्रशासन सङ्कायतर्फ २७ विद्यार्थीले आवेदन दिइसकेका छन्।" अझै दैनिक विद्यार्थीको चाप बढ्दै गएको उहाँको भनाइ छ।

विश्वविद्यालयले कानुन सङ्कायतर्फ एक सय १० र जनप्रशासनतर्फ ५५ विद्यार्थीका लागि कोटा निर्धारण गरेको छ। यसरी हेर्दा निर्धारित कोटा भन्दा बढी आवेदन हुने भएकाले भदौ २३ गते प्रवेश परीक्षा सञ्चालन गरी विद्यार्थी छनोट गरिने रजिष्ट्रार यादवले बताउनुभयो।

विद्यार्थी छनोटका लागि ८० पूर्णाङ्कको मौखिक र २० पूर्णाङ्कको अन्तरवार्ता परीक्षा लिइने विश्वविद्यालयले जनाएको छ। उहाँका अनुसार विश्वविद्यालयमा अध्ययनका लागि कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा न्यूनतम ५० प्रतिशत वा 'सी प्लस' अङ्क ल्याएको हुनुपर्ने मापदण्ड तय गरिएको छ।

विद्यार्थी छनोटसँगै असोजको पहिलो साताबाट दुवै सङ्कायको कक्षा सञ्चालन गर्ने तयारी भएको उहाँको भनाइ छ। पठनपाठनका लागि विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरिएको छ। त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ। विसं २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ।

विश्वविद्यालयले वीरगञ्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ। पोलिटेक्निक, आईटी, व्यवस्थापन, पारामेडिकल, कृषि इञ्जीनीयरिङ लगायतका प्राविधिक शिक्षाका माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा हबका रुपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको उक्त विश्वविद्यालय जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपीआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले जानकारी दिनुभयो।

विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छ। यस्तै विश्वविद्यालयले पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठा (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पाएको छ। बहुदरमाईमा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी खम्बा जडान गरिएको छ भने पोखरीयाको १६ बिघा जग्गाको स्वामित्व विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ।

मधेस विश्वविद्यालयले आफुलाई चाहिने विश्वविद्यालय संगठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षा, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाइ पारित गरिसकेको छ।


**युएसएआईडी सिविल सोसाइटी एण्ड मिडिया (सीएसएम) एक्टिभिटी**

**युवा नेतृत्व च्यालेन्ज फण्ड**

**आवेदन आह्वान**

द एशिया फाउण्डेशन प्रमुख कार्यान्वयनकर्ता रहेको सिविल सोसाइटी एण्ड मिडिया (सीएसएमए) एक्टिभिटी अर्थात् नागरिक समाज तथा सञ्चार कार्यक्रम अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) को सहयोगमा सञ्चालित पाँच वर्षे (सन् २०२२ देखि २०२७ सम्म) परियोजना हो। युएसएआईडी सीएसएमले सार्वजनिक चासो, आधारभूत स्वतन्त्रता तथा जवाफदेहिता प्रवर्धन गर्न महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिको नेतृत्वमा रहेका र यिनै समूह प्रति लक्षित स्वतन्त्र नागरिक समाज तथा मिडियालाई टेवा दिन्छ।

युवा नेतृत्व च्यालेन्ज फण्डले मधेश र लुम्बिनी प्रदेशमा युवा नागरिक अगुवाहरुको सिर्जना र विकास गर्दै उनीहरूका माध्यमबाट महिला, युवा र सीमान्तकृत समुदायको हित प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। यसका लागि विभिन्न माध्यममा युवाको संलग्नता वृद्धि गर्दै र नयाँ पुस्ताका युवा नागरिक अगुवालाई तालिम दिने, समावेशी र सक्रिय नागरिक स्पेस्को स्थापना गर्न र युवामा लोकतान्त्रिक मुल्य र मान्यता स्थापित गर्न खोज्नेछ। यस च्यालेन्ज फण्डले नयाँ पुस्तालाई नागरिक पैरवीका बारेमा जानकारी गराउँदै, स्थानीय स्तरमा नागरिक पैरवीको नयाँ लहर सिर्जना गर्ने र अन्तर सम्बन्धित समूहका युवा नागरिक अगुवालाई प्राथमिकता दिनेछ। युवा नागरिक अगुवाहरूले सम्बन्धित सरोकारवालाहरू सँग सहकार्य गरेर सामाजिक र विकासका मुद्दाहरुलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

**योग्यताबारे सूचना**

- मधेश र लुम्बिनी प्रदेशमा दर्ता भएर कार्यरत भएका युवा नेतृत्वको संस्थाहरुलाई आवेदन दिन प्रोत्साहित गरिन्छ।
- युवाको नेतृत्व, वकालत, पैरवी र युवाहरुको संलग्नता र सहभागिताका लागि काम गर्ने युवाद्वारा संचालित संस्थाहरुलाई आवेदन दिन प्रोत्साहित गरिन्छ।
- महिला, युवा र सीमान्तकृत समुदायको नेतृत्वमा रहेका संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

**अनुदानको अनुमानित बजेट** :आवेदकहरूले ४०,००० अमेरिकी डलर सम्मको (नेपाली रुपैयाँ ५२,८४,००० नबढाई) अनुदानका लागि आवेदन पेश गर्न सक्नेछन।

**आवेदन पेश गर्ने प्रक्रिया:**

**अभिरुचिपत्र**:challengefund.np@asiafoundation.org मा इमेल लेखेर नमूना अवधारणा पत्र तथा नमूना बजेटका लागि अनुरोध गर्नुपर्नेछ र इमेलको विषयमा प्रष्टसँग "**युवा नेतृत्व च्यालेन्ज फण्ड**" लेखिएको हुनुपर्नेछ। विस्तृत प्रस्ताव आह्वान सम्बन्धि विवरणका लागि यो लिङ्कमा जानुहोस: https://shorturl.at/fjSZ6

यस प्रस्ताव आव्हान सम्बन्धि अन्य जानकारीका लागि पूर्व-आवेदन जानकारी सत्र भदौ १२, २०८० मा आयोजना गरिने छ। इच्छुक संस्थाहरुले यस सत्रकालागि यो लिंकमा https://forms.office.com/r/5ZmWRtPAMc गएर दर्ता गर्न सक्नेछन् वा यस सत्रमा सहभागिताका लागि अनुरोध गर्दै challengefund.np@asiafoundation.org ठेगानामा भदौ ११, २०८० साँझ ५ बजे अघि इमेल पठाउन सक्नेछन्।

**आवेदन पेश गर्ने अन्तिम मिति : १९ भदौ, २०८०।**


# विभिन्न विपद्को समयमा सतर्क रहौं

### चट्याङको समयमा

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

### भुकम्पको समयमा

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

### आगलागिको समयमा

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्दि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

# साउदी सीमा सुरक्षा गार्डद्वारा सयौं आप्रवासीको हत्या गरेको ह्युमन राइट्स वाचको भनाइ

लण्डन, ४ भदौ (रासस/सिन्ह्वा)।

यमन हुँदै खाडी मुलुक प्रवेश गर्न खोज्ने इथियोपियाली आप्रवासीमाथि साउदी सीमा सुरक्षा गार्डले 'विस्फोटक हतियार' प्रहार गरेको ह्युमन राइट्स वाच (एचआर डब्लु) ले सोमबार जनाएको छ। रियादले तत्काल कुनै टिप्पणी नगरेका यी आरोपहरूले सोमाली प्रायद्वीप (हर्न अफ अफ्रिका) देखि साउदी अरेबियासम्म खतरनाक 'पूर्वी मार्ग' मा दुर्व्यवहारको उल्लेखनीय वृद्धिलाई सङ्केत गर्दछ, जहाँ लाखौं इथियोपियालीहरू बस्छन् र काम गर्छन्।

एचआरडब्लुका अनुसन्धाता नादिया हर्डम्यानले एक विज्ञप्तिमा जारी गर्दै भन्नुभएको छ, "साउदी अधिकारीहरूले यस दुर्गम सीमा क्षेत्रमा सयौं आप्रवासी र शरण खोज्नेहरूको हत्या गरिरहेका छन्।""साउदी छवि सुधार्न व्यावसायिक गल्फ, फुटवल क्लब र प्रमुख मनोरञ्जन कार्यक्रमहरू किन्न अरबौं खर्च गर्नु यी भयानक अपराधहरूबाट ध्यान हटाउनु हुँदैन।"

न्युयोर्कस्थित उक्त समूहले साउदी अरब र यमनमा इथियोपियाली आप्रवासीविरुद्ध करिब एक दशकदेखि भएको दुर्व्यवहारको अभिलेखीकरण गर्दै आएको छ तर पछिल्लो हत्या 'व्यापक र व्यवस्थित' देखिएको छ र यो मानवताविरुद्धको अपराध हुन सक्छ। सन् २०२२ को पहिलो चार महिनामा दक्षिणी साउदी अरब र उत्तरी यमनमा साउदी अरबका सुरक्षा फौजले सीमापार गोलाबारी र साना हातहतियारबाट गरेको आक्रमणमा करिब ४३० आप्रवासीको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घका विज्ञहरूले गत वर्ष बताएका थिए।

साउदी अधिकारीहरूले एएफपीको प्रतिक्रियाको लागि अनुरोधको जवाफ दिएनन्, र एचआरडब्ल्यूको रिपोर्टले साउदी गृह र रक्षा मन्त्रालय, मानव अधिकार आयोग र उत्तरी यमनलाई नियन्त्रण गर्ने हुथी विद्रोहीहरूलाई पठाइएको पत्रको कुनै प्रतिक्रिया नभएको बताएको छ। सन् २०१५ मा साउदी अधिकारीहरूले हुथी विद्रोहीलाई सत्ताच्युत गर्न गठबन्धन परिचालन गरेका थिए, उनीहरूले अघिल्लो वर्ष अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारबाट यमनको राजधानी साना कब्जा गरेका थिए। युद्धले संयुक्त राष्ट्रसङ्घले यमनको युद्धलाई विश्वकै सबैभन्दा खराब मानवीय अवस्थाको रूपमा वर्णन गरेको छ। तर एचआरडब्ल्यूले वर्णन गरेका धेरै दुर्व्यवहारहरू अप्रिल २०२२ मा लागू भएको युद्धविरामको क्रममा भएको थियो र गत अक्टोबरमा आधिकारिक रूपमा युद्धविराम सम्झौता समाप्त भएपनि धेरै हदसम्म यसले यमनमा शान्तिका लागि काम गरिरहेको छ।

# चीनद्वारा ब्याज दर कटौती

बेइजिङ, ४ भदौ (रासस/एएफपी)।

चीनको केन्द्रीय बैंकले विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा कोभिड-१९ पछिको आर्थिक वृद्धिदरमा आएको सुस्तताको सामना गर्ने प्रयासस्वरूप सोमबार प्रमुख ब्याजदरमा कटौती गरेको छ। पिपुल्स बैंक अफ चाइना (पीबीओसी) ले एक विज्ञप्ति जारी गर्दै कर्पोरेट कर्जाका लागि महत्वपूर्ण रहेको एक वर्षे ऋणको प्रमुख ब्याज दर ३.५५ प्रतिशतबाट घटाएर ३.४५ प्रतिशतमा झारेको छ भने ५ वर्षे ब्याजदर ४.२ प्रतिशतमा कायम गरिएको जनाएको छ।

बजारलाई नजिकबाट पछ्याउँदै, जूनमा अघिल्लो कटौती पछि, दुई दरहरूमा अहिलेसम्मको न्यून दर कायम गरिएको छ।यो निर्णय वाणिज्य बैंकहरूलाई बढीभन्दा बढी र अधिक लाभप्रद दरमा प्रदान गर्न प्रोत्साहित गर्ने उद्देश्यले गरिएको हो।सोमबारको कदम अन्य प्रमुख अर्थव्यवस्थाहरूले मुद्रास्फीति नियन्त्रण गर्न काम गरिरहेको बेला विश्वभर बढ्दो ब्याज दरको विपरीत छ।

यसले अप्रत्यक्ष रूपमा चीनको विकासको चिन्ह्को रूपमा आर्थिक गतिविधिलाई समर्थन गर्नेछ। सन् २०२२ को अन्त्यमा स्वास्थ्य प्रतिबन्धहरू हटेपछि लामो समयदेखि प्रतिक्षा गरिएको कोभिड-१९ पछिको पुनरुत्थान हालका महिनाहरूमा समाप्त भएको छ। अर्थतन्त्रलाई पुनर्जीवित गर्न केन्द्रीय बैंकले गत मङ्गलबार वित्तीय संस्थाहरूलाई प्रदान गर्ने मध्यमकालीन ऋण सुविधाको दर घटाएको थियो। वित्तीय नियामकहरूले 'जोखिम र लुकेका खतराहरू' बाट जोगिन शुक्रबार 'वित्तीय सहयोग' को आवश्यकतामा सहमति जनाएका छन्। यो कदमबाट चिनिया स्टक बजार प्रभावित भएका छैनन्। स्टक बजार कारोबारमा हङकङमा १.४ प्रतिशत र साङ्घाईमा ०.६० प्रतिशतले गिरावट देखिएको छ। केन्द्रीय बैंकको यो निर्णय चीनको विशाल कम्पनी कन्ट्री गार्डेन, जुन लामो समयदेखि आर्थिक रूपमा बलियो मानिन्छ र अहिले अति ऋणी मानिन्छ, ले सामना गर्नुपरेको सङ्कटको रूपमा आएको छ।

यसले चीनमा आर्थिक सङ्कटको डर बढाउँछ जसले घरेलु वित्तीय प्रणालीको लागि भयानक परिणामहरू निम्त्याउन सक्छ। कन्ट्री गार्डेनको समस्या यसको प्रतिस्पर्धी, एभरग्रान्डेको पतनको दुई वर्षपछि मात्र उत्पन्न भइरहेको छ। घरजग्गाको समस्याका अतिरिक्त श्रम बजारमा अनिश्चितता र विश्वव्यापी आर्थिक मन्दीबीच सुस्त उपभोगका कारण पनि आर्थिक वृद्धिमा बाधा पुगेको छ। यी नकारात्मक घटनाक्रमले चिनियाँ सामानको मागमा असर पारिरहेको छ, जसले हजारौं कारखानाको गतिविधिलाई सुस्त बनाइरहेको छ।

जुन महिनामा २१.३ प्रतिशत को रेकर्ड उच्च भएपछि चीनले गत मङ्गलबार आफ्नो विस्तृत युवा बेरोजगारी तथ्याङ्को मासिक प्रकाशन लाई स्थगित गरेको आधिकारिक तथ्याङ्ले देखाएको छ। चीनमा, बेरोजगारी दर केवल शहरी क्षेत्रहरूको लागि गणना गरिन्छ र यसैले स्थितिको आंशिक तस्वीर मात्र प्रदान गर्दछ।

# कर नबुझाउने १९ करदाताको बैंक खाता र सम्पति रोक्का

वीरगञ्ज, ४ भदौ (रासस)। आन्तरिक राजस्व कार्यालय वीरगञ्ज पर्साले लामो समयदेखि कर नबुझाउने १९ जना करदाताको बैंक खाता तथा सम्पत्ति रोक्का गरी बक्यौता उठाउने तयारी गरेको छ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने पर्सा वीरगञ्जस्थित खुसी जनरल स्टोर, सिद्धी विनायक ट्रेडर्स, माँ शक्ति ट्रेडर्स, दिनानाथ ट्रेडर्स, जगदिश एण्ड ब्रदर बडिमेकर, देवेन्द्र तेल उद्योग, डेल्टा सेक्युरिटी सर्भिस प्रालि, रिधान सप्लायर्स, टाइगर जब्स सेक्युरिटी सर्भिस प्रालि, गणपति ट्रेड इन्टरनेसनल, सम्राट ढुवानी सेवा कारबाहीस्वरुप बैंक खाता र सम्पत्ति रोक्का गरिएको प्रमुख कर अधिकृत ढाकाराम तिवारीले जानकारी दिनुभयो।

यस्तै पर्साको वीरगञ्जकै पटेल किराना स्टोर्स, बूदर टेक्सटाइल इण्डट्रिज, कन्ट्रक्ट एक्सप्रेस कुरियर सर्भिस, कम्प्युट्रोनिक्स कलर ल्याब प्रालि, सुशील किराना स्टोर्स/ज्योति मनि चेन्जर्स, गहवामाई ट्रान्सपोर्ट प्रालि र सुरज मेसिनरीको पनि बैंक खाता र सम्पत्ति रोक्का गरिएको प्रमुख कर अधिकृत तिवारीले बताउनुभयो। प्रमुख तिवारीका अनुसार कर नबुझाएका करदातामाथि कारबाही गरी आव २०७९/८० मा रु १४ करोड ३९ लाख बक्यौता सङ्कलन गरिएको छ।

पटकपटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि कर बुझाउन आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाएका छौँ", प्रमुख कर अधिकृत तिवारीले भन्नुभयो, त्यही करमा हामीले १९ जना करदाताको बैंक खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्का गरेका छौँ।" सबै रोक्का भएपछि केही करदाता कर बुझाउनसमेत आएको उहाँको भनाइ थियो।

नियमित बजार अनुगमन थालेपछि आव २०७९/८० मा करदातासमेत बढ्केको आन्तरिक राजस्व कार्यालय वीरगञ्जले जनाएको छ। आव २०७९/८० मा पर्सामा व्यावसायिकतर्फको करदाता दुई हजार सात सय ५० र व्यक्तिगत १० हजार दुई सय २५ नयाँ करदाता थपिएको प्रमुख कर अधिकृत तिवारीले बताउनुभयो।

योसँगै पर्सामा व्यावसायिक ४७ हजार आठ सय ८० र व्यक्तिगत ६६ हजार पाँच सय ५५ गरी एक लाख १५ हजार ४३५ करदाताको सङ्ख्या पुगेको जनाएको छ।

यसैबीच आन्तरिक राजस्व कार्यालय वीरगञ्ज पर्साले आर्थिक वर्ष २०७९/८० मा रु सात अर्ब १४ करोड राजस्व सङ्कलन गरेको छ।

सो अवधिमा अन्तशुल्कतर्फ रु तीन अर्ब, आयकरतर्फ रु तीन अर्ब, मूल्य अभिवृद्धिकरतर्फ रु एक अर्ब ७४ करोड, ब्याजकरतर्फ रु चार करोड र घरबहाल करतर्फ रु पाँच करोड राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो। सो कार्यालयले गत आर्थिक वर्ष २०७८/७९ मा रु आठ अर्ब ७१ करोड ६९ लाख ६० हजार राजस्व सङ्कलन गरेको थियो।

बढ्दो आर्थिक तरलता, विभिन्न कारण देखाउँदै बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह नहुनु, तथा विभिन्न सामानको आयातमा सरकारले गरेको प्रतिबन्धलगायतका कारणले राजस्व सङ्कलन घटेको प्रमुख कर अधिकृत तिवारीको भनाइ छ।

# प्याजमा कालो बजारी : पाँच व्यापारीलाई कारबाही, चारको अनुसन्धान चल्दै

काठमाडौँ, ४ भदौ (रासस)। भारतले प्याजको निर्यातमा भन्सार बढाएको भोलिपल्टै नेपाली बजारमा प्याजमा कालो बजारी र चर्को मूल्यवृद्धि भएको देखिएको छ। एक दिनमै प्याजको मूल्य प्रतिकिलो रु २० सम्मले बढेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुगमनबाट देखिएको छ।

भारतले निर्यातमा कर बढाउनु अगावै नेपाल भित्रिसकेको र मौज्दात रहेको प्याजमा चर्को मूल्य वृद्धि भएपछि वाणिज्य विभागले अनुगमन थालेको छ।

विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरका अनुसार सोमबार विभागले तीन वटा अनुगमन टोली खटाएर कालीमाटी, बल्खु, एकान्तकुनालगायत प्रमुख तरकारी बजार र खुद्रा पसलमा अनुगमन गरेको छ। भारतले भन्सार बढाएको बहानामा व्यापारीले पहिल्यै आयात गरिसकेको प्याजमासमेत मूल्य बढाएर कालोबजारी गरेपछि अनुगमन गरिएको र केही व्यापारीलाई कारबाहीसमेत भएको उहाँले राससलाई जानकारी दिनुभयो।

"प्याजमा कालो बजारी र चर्को मूल्यवृद्धिको सूचना पाउने बित्तिकै विभागले सोमबार दिनभरि तीन वटा टोली परिचालन गरेर बजार मूल्य अनुगमन गरेको छ। तीन वटा व्यापारीलाई जनही रू २० हजार, दुई वटा व्यापारीलाई जनही रू ५० हजारका दरले कारबाही गरिएको छ भने चार वटा आयातकर्ता र व्यापारीलाई थप अनुसन्धानका लागि कागजात माग भएको छ", महानिर्देशक ठाकुरले भन्नुभयो।

काटीमाटी फलफूल तथा तरकारी बजारमा आइतबार प्रतिकिलो रू ६० का दरले बिक्री भइरहेको प्याज सोमबार प्रतिकिलो रू २० सम्म बढेर रू ८० पुगेको थियो। तर विभागले अनुगमन गरेपछि सोमबार कालीमाटी तरकारी बजारमा प्याजको मूल्य प्रतिकिलो रू १० ले घटेको उहाँको भनाइ छ।

वाणिज्य विभागले गर्ने नियमित अनुगमन सोमबार प्याजको मूल्य वृद्धिमा केन्द्रित भएर गरिएको थियो। उपत्यकाका विभिन्न २१ स्थानमा भएको अनुगमनमा पाँच वटालाई तत्काल कारबाही, चार वटालाई थप अनुसन्धानका लागि कागजात माग, एउटालाई २४ घण्टाभित्र विभागमा उपस्थित हुन निर्देशन र बाँकीलाई सामान्य निर्देशन दिइएको विभागले जनाएको छ। फरक मूल्य राखेर भ्याटबिल बनाएको तथा आयातकर्ता व्यापारीले अरु खुद्रा व्यापारीलाई कति रकममा बिक्री गरेका छन् भन्नेबारे विभागले विस्तृ अध्ययन गरिरहेको पनि महानिर्देशक ठाकुरले जानकारी दिनुभयो।

भारतको वित्त मन्त्रालयले शनिबार प्याजको निर्यातमा ४० प्रतिशतसम्म भन्सार कर बढाउने निर्णय गरेको थियो। भारतको आन्तरिक बजारमा प्याजको मूल्य बढेपछि भन्सार कर बढाएको भारतीय वित्त मन्त्रालयले जनाएको छ। आगामी डिसेम्बर ३१ सम्म यस्तो कर लाग्नेछ। यसअघि भारतले बासमतीबाहेकका चामल निर्यातमा बन्देज लगाएपछि चामलमा पनि कालोबजारी बढेको थियो। वाणिज्य विभागको अनुगमन पछि केही हदसम्म मूल्य वृद्धि नियन्त्रण भएको महानिर्देशक ठाकुरको भनाइ छ।

### *विज्ञापन कारोबारमा...*

बोर्डले निश्चित अवधिका लागि कारोबार रोक्कासमेत गराउन सक्नेछ।"

गत साउन ३२ गतेको नेपाल राजपत्रमा प्रकाशित उक्त संशोधन नियमावलीको दफा ५ (२) मा बोर्डलाई दररेट उपलब्ध नगराउने वा पूर्व सार्वजनिक दररेटमा कारोबार गर्न नचाहने सञ्चारमाध्यमलाई सरकारी निकाय वा बोर्डले विज्ञापन उपलब्ध नगराउने उल्लेख छ। बोर्डले लोककल्याणकारी विज्ञापन समानुपातिकरूपमा वितरण गर्नेछ। बोर्डले विज्ञापन तथा सूचनाको वर्गीकरण गर्दा सार्वजनिक हितसँग सम्बन्धित विज्ञापन तथा सूचना, प्रवर्द्धनात्मक विज्ञापन तथा सूचना, अन्य विज्ञापन तथा सूचनाका आधारमा गर्नेछ।

बोर्डले सरकारी विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्ने प्रयोजनका लागि प्रचलित कानूनबमोजिमका सञ्चारमाध्यमको वर्गीकरणका साथै पत्रपत्रिकाको हकमा अकार, पृष्ठ सङ्ख्या, प्रकाशन तथा वितरण सङ्ख्या, भौगोलिकरूपमा वितरण र पहुँचको अवस्थाका आधारमा स्तर निर्धारण गर्नेछ।

प्रसारण संस्थाको हकमा प्रसारण पहुँच र दर्शकको सहभागिता, डिजिटल माध्यमको हकमा पाठक वा दर्शक सङ्ख्याका आधारमा स्तर निर्धारण हुनेछ। बोर्डले सवारी साधनको अवागमन हुने ठाउँमा डिजिटल र होर्डिङ बोर्ड राख्न र त्यस्ता बोर्डमा विदेशी कलाकार वा व्यक्तित्वका तस्बिर राख्न नदिने पनि तयारी गरेको छ। यस्तै सवारी साधनमा राखिने विज्ञापनको आकार प्रकारबारे पनि बोर्डले मापदण्ड बनाउनेछ। डिजिटल बोर्डमा गरिने विज्ञापनको १० प्रतिशत सूचना सार्वजनिक हित र जनहितसँग सम्बन्धित हुनुपर्ने, डिजिटल माध्यममा विज्ञापन दिँदा आधिकारिक च्यानल र ऐन, नियमबमोजिम सञ्चालनमा रही बोर्डमा सूचीकृत हुनुपर्ने भएको छ।

यस्तै विदेशी कार्यालय वा सङ्घ-संस्थासँग प्रसारणको स्वीकृति लिई नेपाली विज्ञापन प्रसारण गर्ने भएमा बोर्डबाट अनुमति लिनुपर्ने अध्यक्ष हुमागाईले बताउनुभयो। सङ्घीय संसद्को दुवै सदनबाट पारित विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ राष्ट्रपतिबाट २०७६ कात्तिक ८ गते प्रमाणीकरणपछि बोर्डको स्थापना भएको थियो।

# प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठ नियुक्त

**दैनिक समाचारदाता**
**काठमाडौँ, ४ भदौ।** सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठ नियुक्त भएका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले श्रेष्ठलाई सोमबार सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा नियुक्त गरेका हुन्।

राष्ट्रपति पौडेलले संविधानको धारा १२९ को उपधारा (२) बमोजिम कामु प्रधानन्यायाधीश श्रेष्ठलाई प्रधानन्यायाधीशमा नियुक्त गरेको राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

यसअघि सोमबार संसदीय सुनुवाइ समितिले श्रेष्ठलाई प्रधानन्यायाधीश पदका लागि अनुमोदित गरेको थियो।

गत साउन १८ गते बसेको संवैधानिक परिषद्को बैठकले प्रधानन्यायाधीशका लागि श्रेष्ठको नाम सिफारिस गरेको थियो। योसँगै श्रेष्ठ करिब १४ महिना प्रधानन्यायाधीशका रुपमा रहनेछन्।

# भदौ पहिलो सातासम्म देशभर ९२ प्रतिशत रोपाइँ

काठमाडौँ, ४ भदौ (रासस)। भदौ १ गतेसम्म ९२ प्रतिशत रोपाइँ सकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता तपेन्द्रबहादुर बोहराका अनुसार अहिलेसम्म १४ लाख ८८ हजार ४९ हेक्टर क्षेत्रफलमा मात्र रोपाइँ सकिएको छ। हालसम्म कोशी प्रदेशमा ९७ प्रतिशत, मधेश प्रदेशमा ८२ प्रतिशत, वाग्मती प्रदेशमा ९३ प्रतिशत, गण्डकी प्रदेशमा ९४ प्रतिशत, लुम्बिनी प्रदेशमा ९५ प्रतिशत, कर्णाली प्रदेशमा ९९ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा पनि ९९ प्रतिशत नै रोपाइँ सकिएको छ।

गत वर्ष यही समयमा देशभर ९५ प्रतिशत भूभागमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ। यस वर्ष ढिला वर्षा भएकाले कम प्रतिशत रोपाइँ भएको हो। धेरै धान उत्पादन हुने मधेश प्रदेशमा सबैभन्दा कम प्रतिशत रोपाइँ भएको छ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हुलमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

बाढी/पहिरोबाट सतर्क रहौं।
– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।
जनहीतका लागि : राजविराज दैनिक

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*